नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

रामशाहपथ, काठमाडौं,
नेपाल

प सं ०८२।०८३
च.नं. ४४

मिति २०८२।०८।०३
नेपाल सम्वत ११४६

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सबै महाशाखा,
मन्त्रालय अन्तर्गतका सबै विभागहरु,
मन्त्रालय सम्बन्धित सबै प्रतिष्ठान र वोर्ड,
मन्त्रालय अन्तर्गतका सबै अस्पतालहरु ।

प्रस्तुत विषयमा मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको मिति २०८२।८।१ को निर्णय तथा सिफारिस यसैसाथ संलग्न छ । उक्त निर्णय प्रभावकारीरुपमा कार्यान्वयन गर्नु हुन मिति २०८२।८।३ को सचिवस्तरको निर्णय अनुसार अनुरोध छ ।

सादर अवगतार्थ ;
श्रीमान् सचिवज्यू (प्रशासन)
श्रीमान् सचिवज्यू (स्वास्थ्य )
श्रीमान् संयोजकज्यू लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति ,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ,
सिंहदरवार,काठमाण्डौ ।

.......................................
गोपी चन्द्र भण्डारी

उपसचिव (लेखा)

आर्थिक वर्ष ०८२।०८३

आज मिति २०८२।०८।०१ गते मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठकको निर्णय । उपस्थिति;

| | |
|---|---|
| अतिरिक्त सचिव डा श्रीकृष्ण श्रेष्ठ | संयोजक |
| सहसचिव दिवस आचार्य | सदस्य |
| महाशाखा प्रमुख डा. कृष्ण प्रसाद पौडेल | सदस्य |
| महाशाखा प्रमुख डा. सरोज शर्मा | सदस्य |
| उपसचिव(लेखा) गोपी चन्द्र भण्डारी | सदस्य सचिव |

1. माननीय मन्त्रीस्तरबाट मिति २०८२।०४।१३ मा स्वीकृत मन्त्रालयको आन्तरिक व्यवस्थापन कार्यविधि २०८२ , कार्यान्वयन गर्ने सम्बन्धयस पूर्ब मन्त्रालय र मातहतका सबै निकायहरुलाई पत्रचार भईसकेको सन्दर्भमा उक्त कार्यविधिका व्यवस्थाहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने पुन:निर्देशन दिने ,
2. मन्त्रालय र अन्तर्गतका निकायहरुले विगतका लेखापरीक्षणबाट औल्याईएका विषयहरु पुन: नदोहोरिने गरी आर्थिक कारोबार सञ्चालन गर्ने,
3. मन्त्रालय र मन्त्रालय मातहत तथा सम्बन्धित कार्यालयहरुले आफ्नो बाँकी बेरुजु रकमको कम्तिमा ८० प्रतिशत रकम फस्यौट गर्ने गरी आर्थिक वर्ष ०८२।०८३ मा कार्यसम्पादन गर्ने, यसका लागि मन्त्रालयबाट मिति २०८२।५।११ मा स्वीकृत कार्ययोजना बमोजिम बेरुजु व्यवस्थापनका अन्य कार्यहरु गर्ने,
4. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीका व्यवस्था तथा आन्तरकि नियन्त्रण प्रणालीको कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्ने प्रयोजनका लागि मन्त्रालयले आवश्यक कार्यविधि वा मापदण्ड साठी दिन भित्र तर्जुमा गरी अनुगमनको व्यवस्था मिलाउने,
5. मन्त्रालयले विभिन्न सरकारी तथा अर्ध सरकारी र निजी अस्पतालहरुलाई विनियोजन गर्ने गरेको अनुदान रकमको उपयोगिता सम्बन्धमा अन्तिम लेखापरीक्षणबाट बारम्बार बेरुजु औल्याई रहेको सन्दर्भमा अनुदानको विनियोजन, अनुदानको उपयोग र प्रतिफलको विषयहरु समेत समेटिने गरी मन्त्रालयले विद्‌दमान कार्यविधिलाई संशोधन गर्ने वा नयाँ कार्यविधि तर्जुमा गर्ने व्यवस्था गर्ने।
6. समितिको नियमित बैठक प्रत्येक महिनाको १ गते बस्ने । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन बस्ने ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्रमाणित
उप सचिव (लेखा)